**श्रद्धेय अध्यक्षज्यू,**

१. पोखरा महानगरपालिकाको यस गरीमामय एघारौं नगरसभामा आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

२. संघीयता पश्चात स्थानीय सरकारको दोस्रो निर्वाचनवाट नव निर्वाचित सम्पूर्ण नगर सभासदज्यूहरुलाई स्वागत गर्न चाहन्छु। यो मेरो दोस्रो कार्यकाल हो र मैले पोखरा महानगरको जनप्रतिनिधिमूलक नगरसभामा उपप्रमुखको रुपमा छैटौं पटक वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ।

३. नेपालको संविधानको धारा २३० बमोजिम प्रस्तुत गर्न लागिएको राजश्व र व्ययको अनुमानलाई संघीयताको जग मजबुत पार्ने, नागरिक सरकारको अनुभूति दिलाउने र "समुन्नत पर्यटकीय पोखरा" निर्माणको अभियानमा अगाडि बढ्ने प्रभावकारी कदमका रुपमा प्रस्थान बजेटको रुपमा प्रस्तुत गरेको छु।

४. यस अवसरमा हामीलाई निर्वाचनमा अमूल्य मतदान गरी पोखराको विकास र समुन्नतिमा सेवा प्रदान गर्न अवसर दिनुभएकोमा पोखरेली मतदाता प्रति सम्मान गर्न चाहन्छु। विभिन्न कालखण्डमा राष्ट्रका नाममा शहादत प्राप्त गरेका ज्ञात/अज्ञात शहीदप्रति श्रद्धान्जली अर्पण गर्दछु। बितेका २ आर्थिक वर्षमा कोभिड-१९ महामारी र विभिन्न विपद्मा ज्यान गुमाउने सम्पूर्ण नागरिकप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

५. कोभिडको महामारीवाट शिथिल अर्थतन्त्र क्रमश: सुधार हुदैं गएको छ। पोखरामा पर्यटकको चहलपहल बढ्ने क्रममा छ। नवनिर्वाचित जनप्रतिनिधिले भर्खरै कार्यभार सम्हालेको विद्यमान अवस्थामा नागरिकको हामीसँग ठूलो आशा र भरोसा गरेका छन्। "समुन्नत पर्यटकीय पोखरा" को दीर्घकालिन ध्येय र सोँच बमोजम लक्ष्य पूरा गर्न नागरिकको विकास प्रतिको चाहना पुरा गर्दै सबल, सुसंस्कृत र सभ्य शहर निर्माण गर्ने हाम्रो अभिष्ट रहेको छ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दिर्घकालीन विकास लक्ष्य, पन्धौं योजना, पोखरा महानगरपालिकाको दिर्घकालीन सोच, प्रथम त्रिवर्षीय योजना नीति तथा कार्यक्रम, कार्यपालिका सदस्यवाट प्राप्त सुझाव एवं विभिन्न क्षेत्रका विज्ञ र सरोकारवालावाट प्राप्त सुझावलाई मुख्य मार्गदर्शनका रुपमा लिएको छु।

**सभाका अध्यक्षज्यू,**

७. पोखरा महानगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको विश्लेषण, नीति र कार्यक्रम साथ प्रस्तुत गरिसकिएको छ। सर्वप्रथम, म चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयन समीक्षा प्रस्तुत गर्न चाहन्छु।

८. चालु आर्थिक वर्षका लागि पोखरा महानगरपालिकावाट रु. ६ अर्ब ४१ करोड १० लाख बजेट विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म २ अर्ब ८२ करोड ५८ लाख २९ हजार खर्च भई शुरु विनियोजनको ४४.०७

प्रतिशत मात्र खर्च भएको छ। आर्थिक वर्षको अन्त्यसम्म ८० प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु।

९. चालु आर्थिक वर्षमा विनियोजन रकम मध्ये आन्तरिक स्रोतवाट रु. २ अर्ब २७ करोड २७ लाख ४९ हजार आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य लिइएकोमा जेठ मसान्तसम्म १८६ करोड ४१ लाख ५६ हजार संकलन भई लक्ष्यको तुलनामा ७४.५ प्रतिशत प्रगति भएको छ। यो गत आ. व. को सोही अवधिको तुलनामा १०.३३ प्रतिशतले बढी हो।

१०. आर्थिक वर्ष २०७७/०७८ लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन भखरै प्राप्त भएको छ। विगतका आर्थिक वर्षको तुलनामा वित्तीय अनुशासनमा उल्लेख्य सुधार भएको प्रतिवेदनवाट देखिएको छ। आवश्यक कानून र कार्यविधि तर्जुमा, खर्च मापदण्ड निर्धारण, खर्च गर्ने अधिकारीलाई जिम्मेवार बनाउने, स्पष्ट जिम्मेवारीका साथ खर्च केन्द्रहरु संचालन, राजश्व प्रशासनमा सुधार जस्ता कार्यक्रमहरुले सुधारोन्मुख नतिजा प्राप्त भएको छ। आगामी आ. व. मा सुधारका कार्यक्रम थप नतिजामुलक तवरले कार्यान्वयन गर्दै वित्तीय अनुशासन कायम गर्ने गरी कार्यक्रम प्रस्ताव गरेको छु।

**सभाध्यक्षज्यू,**

**अव म चालु आर्थिक वर्षका आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहन्छु।**

११. चालु वर्ष साना ठूला गरी १४० वटा योजनाको बोलपत्र आह्वान भएको छ। वडास्तर र महानगरस्तरवाट कार्यान्वयन भएका योजनाहरुको समग्र प्रगति आर्थिक वर्षको समाप्ति संगै तयार हुनेछ। चालु आ. व. को बैशाख मसान्त सम्म ४२.३ कि.मि. पिच सडक, १०.७१ कि.मि. ढलान सडक निर्माण भएको छ। अस्फाल्ट प्रविधिवाट १७ कि.मि. पिच गरिएको छ। ३३.५ कि. मि. सडक स्तरोन्नति भएका छन्। सडक मर्मत ११ किमी तथा कच्ची ट्रयाक १७.८ किमी सम्पन्न भएको छ। ७ वटा डबल लेन सहितका मोटरेवल पुल निर्माण सम्पन्न भएका छन्। चालु वर्षमा सम्पन्न भएका ४ वटा समेत ८ वटा वडा कार्यालयका भवनहरु नयाँ निर्माण सम्पन्न भएका छन्।

१२. चालु वर्ष १३९०० व्यक्तिगत घटना दर्ता भएका छन्। घटना दर्ता डिजिटाइजेसन कार्यक्रम सम्पन्नको चरणमा रहेको छ। ३ वटा नयाँ कानून तर्जुमा गरिनुका साथै ४ वटा कानून समयानुकूल संशोधन गरिएको छ। ११० सहकारी संस्थाहरुको सघन अनुगमन गरिएको छ।

१३. न्यायिक समितिमा १६२ वटा निवेदन दर्ता भएकोमा ९२ फछ्र्यौट भएका छन्। दर्ता भएका उजुरी मध्ये १० उजुरीलाई मेलमिलापको माध्यमवाट अन्तिम रुप दिइएको छ। न्यायिक समितिको राष्ट्रिय सम्मेलन महानगरको अगुवाईमा सम्पन्न भई स्थानीय तहको न्यायिक अधिकार र अभ्यास बारे अन्तरक्रिया गरिएको छ। पोखरा महानगरपालिकाको मुखपत्र पोखरा दर्पणका ३ अंक प्रकाशित भएका छन्। जसमा पोखरा महानगरपालिकाका गतिविधिहरु प्रकाशन गरी सार्वजनिक जानकारीमा ल्याइएको छ।

१४. प्रविधिमैत्री कक्षा कोठा निर्माण कार्यलाई निरन्तरता दिंदै चालु आर्थिक वर्ष थप पाँच वटा विद्यालयमा प्रविधिमैत्री कक्षा कोठा निर्माण भएको छ। कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तर्जुमा गरी महानगर भित्रका सबै विद्यालयमा कार्यान्वयनमा ल्याइएको छ । नेपाल सरकारले गत आ. व. को बजेट मार्फत घोषणा गरेको बालबिकास सहयोगी कार्यकर्ता विद्यालय सहयोगी र विद्यालय कर्मचारीहरुका लागि मासिक पारिश्रमिकमा रु.७००० का दरले गरेको वृद्धि पोखरा महानगरपालिकाले आवश्यक स्रोतको प्रबन्ध गरी उपलव्ध गराएको छ। यस कार्यक्रमलाई आगामी आ.व. मा समेत निरन्तरता दिइनेछ।

१५. चालु आर्थिक बर्षमा उपप्रमुखसँग महिला कार्यक्रम सफ्टवेयर प्रणालीवाट अध्यावधिक गरिएको छ । चक्रीय कोषका रुपमा कोषको रकम परिचालनवाट महिलाको स्थितिमा परिवर्तनका संकेतहरु देखिएका छन्। अनाथ बालबालिकाहरुको उद्धार, राहत र पुनर्स्थापना कार्यक्रम अभियानका रुपमा संचालन भएको छ। सुरक्षित आप्रवासन कार्यक्रम मार्फत सुरक्षित वैदेशिक रोजगारी र वित्तीय साक्षरता कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढाइएको छ। अपाङ्ग नागरिकलाई सहायता सामग्री वितरण गरिएको छ।

१६. स्वास्थ्य सेवातर्फ गण्डकी प्रदेश र संघीय सरकारले उच्च प्राथमिकता दिएको कोभिड- १९ विरुद्धको खोप पूर्ण मात्रा १११.७४ प्रतिशतलाई दिइएको छ । २३.८१ प्रतिशतले वुष्टर डोज लगाएका छन् । महानगरपालिका भित्रका नागरिकहरुलाई पूर्ण खोप सुनिश्चित गरिएको छ । कोभिड महामारीवाट देशभर चुनौतिपूर्ण अवस्था रहेको समयमा महानगरपालिकाले छोटो अवधिमा हाइफ्लो अक्सिजन सहितको १०० वेडको हस्पिटल तयार गरी सञ्चालनमा ल्याइएको छ।

१७. समृद्ध वैभवशाली र अन्तर्राष्ट्रिय स्तरको विकसित पोखरा शहर निर्माणका लागि दीर्घकालिन दृष्टिकोण सहितको Vision 2100 तथा त्रिवर्षीय योजना र मध्यमकालिन खर्च संरचना प्रतिवेदन तर्जुमा भई कार्यान्वयनको थालनी गरिएको छ। भौगोलिक र विकासका दृष्टिकोणले विविधतापूर्ण महानगरका ग्रामीण र विकट वडाहरुको पूर्वाधार विकासमा सन्तुलन र समानता कायम गर्न शुरुवात गरिएका कनेक्टिङ सडकहरु आगामी आर्थिक वर्ष सम्पन्न हुने चरणमा रहेका छन्। यी योजना पोखरा महानगरभित्र विकासका अतिरिक्त ग्रेटर पोखरा अवधारणासँग अन्तरसम्बन्धित छन्।

१८. उज्यालो पोखरा अभियान निरन्तर अगाडि बढाइएको छ। शहरी सडकमा स्मार्ट सडक वत्ती जडान कार्यका लागि नेपाल विद्युत प्राधिकरणसँग लागत साझेदारी गरिएको छ । चालु वर्ष १२ करोड ७५ लाख स्मार्ट सडक वत्ती जडानको ठेक्का सम्झौता भई कार्यान्वयन अगाडि बढेको छ।

१९. तालहरुको शहरका रुपमा परिचित महानगर भित्रका दश वटै तालहरुको सीमांकन सम्पन्न भई तालहरुको संरक्षण र सौन्दर्यकरणका लागि DPR तयार भएका छन्। ताल संरक्षणमा स्थानीयवासीसँग साझेदारी गरी तालहरु प्रति स्थानीयवासीको अपनत्व महशुस गराउने गरी संरक्षणका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिएको छ।

२०. कृषि तर्फ चालु वर्ष अभियानको रुपमा हिउंदे बाली गहुँ, उवा र फापरको व्यावसायिक खेती २००० रोपनीमा शुरुवात गरिएको छ। यसैगरी, १ हजार रोपनीमा चैते धान खेती शुरुवात गरिएको छ। उत्पादनका

आधारमा अनुदान दिने नीति अवलम्बन गर्दै किसान एप निर्माण गरी संघ, प्रदेश, स्थानीय तहवाट अनुदान प्राप्त गरेका किसानको अभिलेखीकरण गरिएको छ । किसानहरुको लगानीको सुरक्षण गर्दै न्युनतम समर्थन मुल्य तोकी सो मूल्यमा किसान बजारहरुमा बिक्री नभए महानगरपालिकाले खरीद गर्ने कार्यक्रम अगाडि बढाइएको छ । व्यावसायिक कृषकहरुलाई आवश्यक जमिन उपलव्ध गराउन भूमि बैङ्क स्थापनाको प्रारम्भिक तयारी पूरा भएको छ ।

**सभाध्यक्षज्यू,**

**अव म आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकता उल्लेख गर्ने अनुमति चाहन्छु ।**

**बजेटका उद्देश्यहरुः**

१) पर्यटकीय पूर्वाधारको विकास गर्ने

२) उत्पादनशील र व्यावसायिक कृषि प्रणालीको विकास गर्ने

३) समतामूलक र सन्तुलित पूर्वाधार निर्माण गर्ने

४) फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र प्रदुषण नियन्त्रण गर्ने

५) सार्वजनिक सम्पत्तिको अतिक्रमण रोक्ने, संरक्षण गर्ने र उत्पादनशील उपयोग गर्ने

६) सभ्य, सुसंस्कृत र व्यवस्थित शहरीकरणको थालनी गर्ने

७) सामाजिक समावेशीकरण, लैङ्गिक विकास र सहभागितामूलक विकासका माध्यमवाट समतापूर्ण समाजको निर्माण गर्ने

८) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने

९) नागरिकलाई महानगरका सेवा, सुविधा, सहज र शीघ्र उपलव्ध गराई जवाफदेही सार्वजनिक सेवाको प्रत्याभूति गर्ने ।

**बजेटका प्राथमिकता देहाय बमोजिम तोकिएको छ ।**

१) पर्यटन प्रवर्द्धन

२) हरित, उत्थानशील र दिगो पूर्वाधार विकास

३) वातावरण संरक्षण, सम्वर्द्धन तथा फोहोरमैला व्यवस्थापन

४) समावेशी, सन्तुलित र समतामूलक विकास

५) संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह

६) स्वरोजगार, उद्यमशीलता तथा व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन

७) गुणस्तरीय, जवाफदेही र प्रतिस्पर्धी मावनस्रोत विकास

**श्रद्धेय अध्यक्षज्यू,**

**अव म आगामी आर्थिक वर्षका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**शिक्षा, युवा तथा खेलकुद**

२१. सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री सिकाई प्रणालीलाई प्राथमिकता दिदैँ कक्षा कोठामा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ । यसका लागि रु. १ करोड ७५ लाख विनियोजन गरिएको छ ।

२२. महानगरवाट संचालित गण्डकी बहुप्राविधिक शिक्षालयले विगत १ वर्ष देखि उत्कृष्ट नतिजा हासिल गरिरहेको छ । सो शिक्षालयको पूर्वाधार निर्माण तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि रु. ३ करोड ४० लाख छुट्याइएको छ ।

२३. शिक्षातर्फ छरिएर रहेको साधन स्रोतलाई एकीकृत गर्दै विद्यालयमा पहुँच एव गुणस्तर वृद्धि गर्न र बृहत विद्यालय सञ्चालन गर्न विद्यालय नक्सांकन एवं विद्यालय मर्जरका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

२४. विद्यालयहरुलाई वातावरणमैत्री बनाउनका लागि विद्यालय हरियाली कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. बालविकास केन्द्र सहयोगी कार्यकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीहरुका लागि तलब भत्ता अनुदान तर्फ रु. ४ करोड ६५ लाख विनियोजन गरिएको छ ।

२६. शिक्षकहरुको दैनिक शिक्षण सिकाई क्रियाकलापको व्यावहारिक समस्या समाधान गर्ने गरी छोटो अवधिका तालिम सञ्चालन गर्न रकम विनियोजन गरिएको छ ।

२७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरुको स्वास्थ्य परीक्षण एवं प्राथमिक स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था मिलाइएको छ । यसका लागि उचित बजेट व्यवस्था गरिएको छ ।

२८. विद्यालयको प्रारम्भिक खुड्किलोको रुपमा रहेको बालबिकास केन्द्रको सबलीकरण भएमा योग्य मानव संशाधन उत्पादन हुने निश्चित छ । बालबिकास केन्द्रका लागि आगामी आ.व. मा रु १ करोड विनियोजन गरिएको छ ।

२९. विद्यार्थीको विद्यालय छोड्ने दर घटाउने, स्वस्थ विद्यार्थी तयार गर्ने एवं शैक्षिक गुणस्तर बृद्धि हुने गरी दीवा खाजा व्यवस्थापनका लागि बजेटको व्यवस्था गरिएको छ । महानगर शिक्षा परिषदले तयार गरी पेश गरेको शिक्षा सम्बन्धी प्रतिवेदनलाई कार्ययोजना बनाई लागू गरिनेछ ।

३०. महिला शिक्षिकहरुको प्रसुती विदामा दैनिक शिक्षण सिकाई प्रभावित हुने भएकाले सोको समाधानका लागि सट्टा शिक्षक व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरिएकोछ।

३१. पोखरा बिभिन्न खेलकुद जस्तै एथलेक्टिक्स, भलिबल, मार्शल आर्ट, स्क्वास, पौडी लगायत खेलको केन्द्रको रुपमा रहेको छ। खेलकुद प्रतियोगिता, खेलकुद पर्यटन र खेलका वरिष्ठ तथा विज्ञ जनशक्तिले पोखरा धनी छ। खेलकुदको प्रवर्द्धन र विकासका लागि विद्यालय तहदेखि राष्ट्रिय स्तरका प्रतियोगितामा महानगरले सहकार्य र आयोजना गरिरहेको छ। खेलकुद पूर्वाधार र प्रवर्द्धन कार्यका लागि आगामी वर्ष रु. २ करोड विनियोजन गरिएको छ।

३२. कक्षा ६ देखि १२ सम्मका छात्रहरुका लागि विद्यालयमा उपलब्ध हुने गरी नि:शुल्क सेनेटरी प्याडको व्यवस्था मिलाइएको छ। यसका लागि रु १ करोड ५३ लाख बजेट व्यवस्था गरिएको छ।

३३. आगामी वर्ष युवा उद्यमशीलताको विकास एवं आयआर्जन कार्यक्रम सञ्चालन गर्न र वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई लक्षित गरी तालिम उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरिएको छ।

३४. आगामी वर्ष स्वास्थ्य र सार्थक जिवनशैलीका लागि खुला व्यायामशाला कार्यक्रम अन्तर्गत १० वटा वडामा खुला व्यायामशालाको लागि रकम विनियोजन गरिएको छ।

३५. आगामी वर्ष ४ वटा खेलमा उत्कृष्ट खेलाडी छनोट गरी सम्मान गर्न रकम विनियोजन गरिएको छ।

३६. महानगरको आन्तरिक स्रोतबाट शिक्षा, खेलकुद तथा युवा सम्बन्धी समग्र कार्यक्रम सञ्चालन गर्न रु. १९ करोड ३० लाख विनियोजन गरिएको छ।

स्वास्थ्य

३७. महानगर अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरुवाट निशुल्क आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ। यसका लागि रु १२ करोड ८८ लाख बजेट विनियोजन गरिएको छ।

३८. स्वास्थ्य संस्थाहरुमा रोग लाग्नवाट बचाउन निदानात्मक सेवा सञ्चालन भैरहेको छ। आगामी आर्थिक वर्ष जनसंख्या र भूगोलको आधारमा छनोट भएका विभिन्न ६ वटा स्वास्थ्य संस्थामा यस्तो सेवा प्रवाह गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

३९. नि:शुल्क औषधी वितरणका लागि महानगरपालिकाले औषधी खरिद तथा आपूर्ति गर्दै आइरहेको छ। अत्यावश्यक औषधी नियमित आपूर्तिको सुनिश्चितता गर्न पर्याप्त बजेट विनियोजन गरिएको छ।

४०. महिलाको लागि स्वास्थ्य जोखिम मानिएको प्रजनन स्वास्थ्य, आङ खस्ने समस्या, स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन र आमा तथा शिशुको लागि पोषण व्यवस्था गर्न बजेटको व्यवस्था गरिएको छ।

४१. शहरी क्षेत्रमा नसर्ने रोगको प्रकोप दिनानुदिन बढ्दो छ। यसर्थ यस्तो प्रकोप जोखिम न्यूनीकरण गर्न स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको छ।

४२. विपन्न नागरिकहरुको नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम विस्तार गर्नको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४३. सामुदायिक विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम शुरुवात गर्न र समग्र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

४४. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम विभिन्न स्वास्थ्य संस्था सम्बन्धी पूर्वाधारहरु निर्माणलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

४५. महानगरको एक मात्र शिशुवा अस्पतालमा विशेषज्ञ सेवा थप गर्न मृगौला रोगको डायलोसिस सेवा आरम्भ गर्न रु. ३ करोड ५ लाख विनियोजन गरिएको छ। पोखरा महानगरपालिकामा मेट्रो अस्पताल स्थापना गर्न आगामी वर्ष अध्ययन शुरु गरिनेछ।

४६. कोभिड १९ लगायत सरुवा रोग, महामारी नियन्त्रण, विपद व्यवस्थापन तथा प्रतिकार्यका लागि रु ३५ लाख विनियोजन गरिएको छ।

४७. महानगरपालिकाको समग्र स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न र जनस्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गर्न कूल रु. ४० करोड ५० लाख बजेट प्रस्ताव गरिएको छ।

**लैङ्गिक विकास तथा समावेशीकरण**

४८. विपन्न, एकल एवं लक्षित वर्गका महिलाहरुको उद्यमशीलता विकासका लागि उपप्रमुखसँग महिला कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको छ । चक्रीय कोषका रुपमा उद्यमशील महिला दिदीबहिनीहरलाई योजना लगानीमा रकम उपलब्ध गराउने, अन्य आयआर्जनमा सहयोग गर्ने र सुलभ ब्याजसहित फिर्ता गर्ने यस कोषलाई आगामी दिनमा स्वचालित, सुदृढ र प्रणालीबद्ध बनाइनेछ। आगामी वर्ष सो कोषमा थप दुई करोड रुपैयाँ जम्मा हुने व्यवस्था गरिएको छ।

४९. समाजमा विकराल समस्याका रुपमा रहेको लैङ्गिक हिंसालाई न्यूनीकरण गर्न लैङ्गिक हिंसा विरुद्ध पुरुषहरुको ऐक्यवद्धताः महिला पुरुष समसचेतना कार्यक्रमलाई निरन्तरता दिइएको छ।

५०. आगामी वर्ष सामाजिक क्षेत्रमा क्रियाशील महिलाहरुको लागि नेतृत्व तथा क्षमता विकास कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम र महिला प्रतिभा प्रतिस्पर्धा कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिएको छ।

५१. आपतकालीन अवस्थाका महिलाहरुको उद्धार, राहत र पुनर्स्थापना कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ।

५२. सहकारी मार्फत महिलाको सीप र क्षमता अभिबृद्धि गर्न महिला विकास सहकारी संस्थाहरुलाई सक्रिय बनाउन बजेट विनियोजन गरिएको छ ।

५३. बालवालिकाको संविधान प्रदत्त हक हित र अधिकारलाई सुनिश्चित गर्न, बाल संरक्षणलाई प्रभावकारी बनाउन वडातहसम्म गठन भई क्रियाशील बाल अधिकार समिति, बालमञ्च लगायतका संस्थाको विविध कार्यक्रम सञ्चालन गर्न बजेटको प्रबन्ध गरिएको छ ।

५४. बालमैत्री वडा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ । मापदण्ड पूरा गरेका वडाहरुलाई बालमैत्री वडा घोषणा गर्न प्रेरित गरिनेछ ।

५५. सम्बन्धित वडा कार्यालयको समन्वय र सक्रियतामा अति विपन्न परिवारका अभिभावक तथा बालबालिकाहरुलाई मनोसामाजिक परामर्श एवं पारिवारिक सहयोग कार्यक्रम ३३ वटै वडामा संचालन गरिनेछ । यसका लागि आवश्यक बजेट छुट्याएको छु ।

५६. आगामी वर्ष महानगरका अपागंता भएका व्यक्तिको गणना गरी यथार्थ वर्गीकरण सहितको प्रोफाइल तयार गरिनेछ । अपांगता भएका व्यक्तिले प्राप्त गरेको सुविधाको अध्ययन गरी अशक्त र अति अपांगता भएका वर्गलाई सहयोग केन्द्रित गर्न अध्ययन गरिनेछ ।

५७. आगामी आर्थिक वर्षमा ज्येष्ठ नारिकहरुको सम्मानित र मर्यादित जीवनयापनका लागि आर्ट अफ लिभिङ तालिम सञ्चालन गरिनेछ । वडा कार्यालय मार्फत ज्येष्ठ नागरिक मिलन केन्द्र सहयोग कार्यक्रमलाई निरन्तरता दिन रु. ३ करोड ३० लाख विनियोजन गरिएको छ ।

५८. ६८ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई तोकिएको मापदण्डका आधारमा प्रति ज्येष्ठ नागरिक मासिक रु. २०० का दरले पोषण खर्च दिने व्यवस्था मिलाइएको छ ।

५९. लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय लक्षित कार्यक्रम संचालन गरिनेछ । विभिन्न धर्म जाति संस्कार र संस्कृतिको जगेर्ना गर्ने नीति लिइनेछ । अति विपन्न दलित, गन्धर्भ, जलारी, कुमाल तथा सीमान्तकृत समुदायको सीप र क्षमता विकास गर्न एवं पेशा व्यवसायलाई सहयोग पुर्‍याउन बजेट व्यवस्था गरिएको छ ।

६०. सडक मानव व्यवस्थापनका लागि मानव सेवा आश्रमलाई अनुदान सहयोग गर्न बजेट छुट्याइएको छ ।

६१. नेपाल सरकारसँगको सहकार्यमा सुरक्षित वैदेशिक रोजगार र सुरक्षित आप्रवासी कार्यक्रमलाई वडा स्तरसम्म पुर्‍याउन सहजीकरण गरिनेछ ।

६२. नेपाल प्रहरीसँगको सहकार्यमा महानगरमा लागू औषध दुर्व्यसनी विरुद्दको कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिएको छ ।

६३. समाजमा रहेका अति विपन्न, मध्यम र सम्पन्न परिवारको पहिचान गरी परिचयपत्र वितरण गर्ने र स्थानीय सरकारको तर्फबाट दिनुपर्ने आवश्यक सहयोग र परामर्श प्रदान गर्दै जीवनस्तर उठाउने कार्यक्रम सञ्चालन गरिनेछ।

६४. महानगरपालिकामा सामाजिक परिचालन र विकास निर्माणको क्षेत्रमा आमा समूह र टोल विकास संस्थाहरुलाई सामाजिक जागरण लगायत विकास निर्माणका क्षेत्रमा प्रभाकारी परिचालन गरिनेछ।

**कृषि विकास**

६५. **"उत्पादनको बृद्धि, महानगरको समृद्धि"** भन्ने नाराका साथ स्थानीय स्रोत साधन, श्रम, भुमि को प्रयोग गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गरिनेछ र आगामी वर्ष आत्मनिर्भरताको लागि कृषि उत्पादनको अभियान वर्षको रुपमा परिचालन गर्ने नीति अन्तर्गत कृषि पशु र सहकारी क्षेत्रका लागि कुल रु. १६ करोड ७३ लाख ६५ हजार बजेट विनियोजन गरिएको छ।

६६. सम्भावनाको आधारमा एक वडा एक कृषि उत्पादन पकेट कार्यक्रमको लागि रु. १ करोड ५० लाख बजेट बिनियोजन गरिएको छ।

६७. उत्पादन लागत न्यूनीकरणको लागि उत्पादनदेखि प्रशोधनसम्म आधुनिक यन्त्र उपकरणको प्रयोगलाई प्रोत्साहन गर्न रु. १ करोड बजेट बिनियोजन गरिएको छ।

६८. गुणस्तरीय कृषि उत्पादनका लागि प्रांगारिक मल, बीउ, बिरुवा, जैविक विषादी, प्लास्टिक लगायतका सामग्री ५० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ। यसका लागि रु १ करोड बजेट बिनियोजन गरिएको छ।

६९. महानगरपालिका क्षेत्रका सम्पूर्ण प्राकृतिक पानीको स्रोत, मुल तथा मुहानको एकीकृत प्रोफाइल तयार गरिनेछ। पानी र सिचाईंका स्रोतको संरक्षण, सदुपयोग र दीगो व्यवस्थापन गरिनेछ।

७०. कृषि उत्पादनको बजारीकरण, मूल्य श्रृंखला र भण्डारण सहयोगका लागि **बारीदेखि बजारसम्मः गोठ देखि ओठसम्म** कार्यक्रम सञ्चालन गरिनेछ।

७१. सुन्तला बगैंचा व्यवस्थापनको सहुलियत कार्य निरन्तरता दिएको छु। फलफुल बिरुवा वितरण, मसला तथा पुष्प खेती बिस्तार, तेल अभियानमुखी हिउँदे खेती तथा चैते धान प्रवर्द्धनका थप कार्यक्रम संचालनका लागि बजेट व्यवस्था गरिएको छ।

७२. सिचाईं सुविधा विस्तार गरी वर्ष भरी बाली लगाउने क्षेत्रको विस्तार गरी सुख्खा डाँडामा प्लाष्टिकक पोखरी निर्माण अभियान, हरेक वार्डमा कम्तिमा १ सिचाई परियोजना, संचालन र मर्मत सम्भार गरिनेछ। लिफ्ट सिचाईं प्रवर्द्धन गरिनेछ। यी कार्यका लागि रु १ करोड ५० लाख बिनियोजन गरिएको छ ।

७३. कृषि प्रबिधि प्रचार-प्रसार, सेवा प्रदानलाई सहज बनाउन थालनी गरिएको डिजिटल प्रबिधि मोबाइल एप pokharakrishi लाई थप प्रभावकारी बनाइनेछ। कृषि प्रसार, संचार, प्रबिधि हस्तान्तरण तथा नियमन कार्यका लागि रु. ७१ लाख बजेट बिनियोजन गरिएको छ।

७४. आगामी वर्ष बाँझो र उपयोग नभएको जमिनको लगत संकलन गरी भूमि बैंक स्थापना गरिनेछ । यसले बेरोजगार, उद्यमशील व्यक्तिलाई उत्पादनका लागि आवश्यक जमिन उपलब्ध गराउन सहज हुनेछ ।

७५. **"स्वस्थ माटो उब्जनीको बाटो"** भन्ने योजना अनुसार कार्य गर्न माटो परिक्षणका साथै Soil Health Card वितरण गर्ने, प्रांगारिक कृषि उत्पादन प्रबिधि प्रयोग गर्ने, आइ. पी. एम. प्रबिधि अवलम्बन गर्ने र स्थानीय स्रोत केन्द्र संरक्षण गर्न लगायतका कार्यका लागि बजेट बिनियोजन गरिएको छ ।

७६. शहरी क्षेत्रमा घरायसी कुहिने फोहोरको कम्पोष्ट मल बनाई कौसी खेती प्रबर्द्धन गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ ।

७७. कृषकको उत्पादनको बजार सुनिश्चित गर्न र कृषकको न्युनतम बचत ग्यारेन्टी गर्ने गरी मुख्य कृषि उपजको न्युनतम समर्थन मूल्य तोकी खरिदको सुनिश्चित गर्न बजेट बिनियोजन गरिएको छ ।

७८. कृषि उत्पादन ढुवानीको लागि कृषि एम्बुलेन्स सेवा संचालन गर्नको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

७९. ग्रामीण क्षेत्रमा संकलन केन्द्र र बजार क्षेत्रमा किसान बजारको संचालन तथा व्यवस्थापन गर्न एवं लागत साझेदारीमा पूर्वाधार निर्माण जस्तैः कोल्ड रुम, प्रशोधन गृह, प्याकेजिंग कार्यको लागि रु ७५ लाख बजेट बिनियोजन गरिएको छ ।

८०. माछा पोखरी निर्माण गरी थप माछा उत्पादन क्षेत्र बिस्तार गर्न तालमा माछा भुरा छोड्नको लागि बजेट बिनियोजन गरिएको छ ।

८१. संघीय सरकारको साझेदारीमा रैथाने बाली उवा, फापर, कोदो, कागुनो जस्ता बालीको क्षेत्र बिस्तार तथा प्रबर्द्धन गर्न, तेल बाली, आलु बीउ उत्पादनलाई जैविक विविधता संरक्षण कार्यक्रमको लागि **जैविक विविधता वर्ष** मनाइनेछ । यसका लागि बजेट व्यवस्था मिलाइएको छ ।

८२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ३ वटा तरकारी पकेट क्षेत्रलाई निरन्तरता दिइनेछ । थप तरकारी पकेट क्षेत्र, च्याउ पकेट क्षेत्रका लागि आवश्यक बजेट मिलाइएको छ ।

**पशुपन्छी विकास**

८३. पशु स्वास्थ्यलाई सर्वसुलभ तथा पहुंच योग्य बनाउन पशु सेवा शाखा तथा सेवा केन्द्र मार्फत वितरण हुने औषधीको संख्या बढाउदै सेवा र सुविधा विस्तारको लागि रू. ३५ लाख विनियोजन गरिएको छ ।

८४. व्यावसायिक कृषक परिचय पत्र लिएका कृषकहरूलाई एकपटक न्युनतम अनुदान उपलब्ध गराउने गरी व्यवस्था मिलाइएको छ ।

८५. गाईभैंसी आयात कम गर्ने उद्देश्यले पाडी/बाच्छी हुर्काउने कृषकलाई प्रोत्साहनका लागि अनुदान दिन रू. ४० लाख छुट्याएको छु । कृषक आफैले हुर्काएको पाडी/बाच्छी सोही कृषकको गोठमा ब्याएमा त्यस्ता

किसानलाई प्रोत्साहन स्वरुप प्रति पाडी/बाच्छी रु. ३ हजार रुपैयाका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

८६. महानगरपालिकामा बाख्रा पकेट स्थापना गर्न रू ६० लाख विनियोजन गरिएको छ। पशु खोप सेवा, सरुवा रोग नियन्त्रण गर्न तथा कृत्रिम गर्भाधान सेवा सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

८७. छाडा पशु नियन्त्रणका लागि मापदण्ड तयार गरी व्यवस्थापन गरिनेछ। छाडा कुकुर नियन्त्रणका लागि घर पालुवा कुकुर दर्ता र भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरिनेछ । ग्रामीण भेगमा बाँदर आतङ्कलाई नियन्त्रण गर्न आवश्यक कदम चालिनेछ।

८८. बाँझो जग्गामा घाँस लगाए वापत प्रतिरोपनी रू.३००० अनुदान दिने गरी सघन घांस विकास कार्यक्रम सञ्चालन गरिनेछ।

८९. घाँस खेती बढाउन बीउ र बिरूवा वितरण गर्नुको साथै हिउँदमा जै घाँस लगाउने कृषकहरूलाई अनुदानको व्यवस्था गरिएको छ । पशुजन्य व्यवसायहरूलाई व्यवस्थित गर्न मापदण्ड बनाई प्रोत्साहन एवं परिचय पत्र वितरण गरिनेछ।

**सहकारी, उद्योग र सार्वजनिक निजी साझेदारी**

९०. स्थानीय उत्पादन बृद्धि, रोजगारी सिर्जना र गरिबी न्युनीकरण गर्न सहकारी क्षेत्रको प्रबर्द्धन गरिनेछ। सोको लागि **एक सहकारीः एक उत्पादन** कार्यक्रम संचालन गर्न रु. ५० लाख बजेट बिनियोजन गरिएको छ।

९१. सहकारीको क्षमता अभिवृद्धि गरी बिकास साझेदारको रुपमा सहकार्य गरिनेछ । उद्यमशीलता बिकास, व्यवसाय उत्थान र सहकारी तालिम सहित युवा उद्यमी रोजगारी सिर्जना गर्नको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ।

९२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई बिस्तार, बिकास र आधुनिकीकरण गर्न आवश्यक स्रोतको प्रबन्ध गरिएको छ।

९३. आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पिछडीएका, उत्पीडित, सीमान्तकृत, विपन्न वर्गका र विदेशवाट फर्केर आएका नगरवासीहरुलाई उद्यमशीलता स्वरोजगार तालिमवाट दक्ष बनाउन र उत्पादकत्व वृद्धि गर्न निश्चित मापदण्ड तथा कार्यविधिका आधारमा सहुलियतपूर्ण कर्जा उपलव्ध गराउन मेयर उद्यमशीलता विकास कार्यक्रम संचालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

९४. उद्यमशीलताको प्रोत्साहन स्वरुप उद्यमी पुरस्कारको व्यवस्था गरिनेछ।

९५. युवा तथा साना व्यवसायी प्रवर्द्धन गर्न स्वरोजगार कोषसँगको सहकार्यमा स्वरोजगार सिर्जना गर्न अभियान चलाइनेछ।

९६. पोखरेली चामल, जेठोबुढो धान लगायत विभिन्न रैथाने उत्पादनहरुलाई ब्राण्डिङ गर्दै पोख्रेली ब्राण्ड स्थापना गरी बजार प्रवर्द्धन गरिनेछ।

९७. महानगरमा उद्योग व्यवसाय सहायता र सहजीकरण डेक्सको व्यवस्था गरिने छ। नयाँ आयोजना संभाव्यता अध्ययन गरी पोखरा महानगर प्रोजेक्ट बैङ्कको व्यवस्था गरिनेछ । आगामी आ. व. मा प्रथम पोखरा लगानी सम्मेलनको आयोजना गरिनेछ।

९८. युवा तथा साना व्यवसायी प्रवर्द्धन गर्न स्वरोजगार कोषसँगको सहकार्यमा महानगर स्वरोजगार कोषमा रहने गरी बीउ पूँजीको व्यवस्था गर्न बजेट छुट्याइएको छ।

९९. महानगरपालिका क्षेत्रभित्र निजी क्षेत्रको सहकार्यमा दीर्घकालीन महत्वका ठूला परियोजनाहरुको सञ्चालन सार्वजनिक निजी साझेदारीमा गर्ने नीति लिइनेछ।

**पर्यटन विकास र प्रवर्द्धन**

१००. **"पर्यटकीय गतिविधिमा वृद्धि ,पोखरा शहरको समृद्धि"** भन्ने अवधारणालाई साकार पार्न पोखराका पर्यटन पूर्वाधार, प्राकृतिक सम्पदाहरुको संरक्षण, सौन्दर्यकरण र आतिथ्यता लगायतका क्षेत्रमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा लगानी केन्द्रित गरिनेछ।

१०१. पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्न नेपाल सरकार समक्ष अनुरोध गरी पठाई सकिएको छ । पर्यटकको बसाइलाई अरु लामो बनाउने उद्देश्यले पोखराको विभिन्न पर्यटकीय गतिविधिको विकासद्वारा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ।

१०२. संघ सरकारले अगाडी बढाएको अन्तराष्ट्रिय सम्मेलन केन्द्र स्थापना गर्न सहजीकरण गरिनेछ । पोखरा सभागृहको स्तरोन्नति गर्न बजेट रु १ करोड विनियोजन गरिएको छ।

१०३. होमस्टेलाई मौलिक नामाकरण गरी स्थानीय उत्पादनः स्थानीय आतित्थ्यताको रुपमा विकसित गरिनेछ। नयाँ स्थानीय आतित्थ्य गृह (Local Home Stay) हरु संचालन गर्न संभाव्यता अध्ययन गरिनेछ।

१०४. विभिन्न भाषा, संस्कृतिको संरक्षण र संवर्द्धन गरी पर्यटन व्यवसायसँग आवद्ध गरिनेछ। पर्यटन बसपार्कलाई महानगर अन्तर्गत ल्याई उचित व्यवस्थापन गरिनेछ।

१०५. MICE टुरिजम (मिटिङ, इनिसियटिभ, कन्फ्रेन्स र एक्जिव्युसन) लाई प्रवर्द्धन गर्न पर्यटन पूर्वाधारमा लगानी बढाउन विशेष पहल गरिनेछ।

१०६. फेवाताल, बेगनास ताल तथा अन्य पर्यटकीय गन्तव्यहरुको सौन्दर्यीकरण गरिनेछ। पर्यटनका थप गन्तव्य जस्तै केभ टु केभ, लेक टु लेक, कोटदेखि कोटसम्म लगायतका नयाँ सर्किट सडकको सम्भाव्यता अध्ययन गरिनेछ। लुम्बिनी पोखरा बुद्ध सर्किट निर्माण गर्न आवश्यक पहल गरिनेछ।

१०७. **"उहिलेको पोखरा"** को स्मरण हुने गरी एक साँस्कृतिक ग्राम निर्माण गर्न अध्ययन गरिनेछ।

१०८. पोखराको पर्यटन उद्योगलाई व्यावसायिक र स्थानीय दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गर्न आधारभूत विद्यायलय तहबाट नै अतित्थ्यता, कृषि, व्यावसायिक शिक्षा, संस्कृति जस्ता थप र विशिष्ट स्थानीय विषयहरुको पाठ्यक्रम तयार गरी अनिवार्य गर्दै लगिनेछ।

१०९. पर्यापर्यटन, वातावरण र विकासलाई अन्योन्याश्रित रुपमा अंगीकार गरी यस सम्बन्धी ऐन, नीति तथा कार्यविधि तर्जुमा गरिनेछ। यसका लागि महानगर पर्यटन समितिलाई अधिकार सम्पन्न बनाई पर्यटन प्रबर्द्धन गरिनेछ।

११०. पोखरालाई संसारभर चिनाउन र पोख्रेली पर्यटन उद्योगको प्रवर्द्धन गर्न एक ल्याण्डमार्क (Symbol of Pokhara) को निर्माण गरिनेछ।

**रोजगार प्रवर्द्धन**

१११. रोजगारको माध्यमवाट जीवनस्तर उकास्न र शिक्षित एवं अशिक्षित वेरोजगारीलाई उद्यमशीलता बढाउन मानव संशाधन विकास केन्द्रका रुपमा रोजगार बैंक स्थापना गरिनेछ।

११२. आगामी आर्थिक वर्षको पहिलो ६ महिनामा ३,००० रोजगारी थप गर्ने योजनाका साथ प्लस टू तहको अध्ययन सकेका यस क्षेत्रका युवालाई भाषा होटल म्यानेजमेन्ट मोबाइल मर्मत कृषि स्रोत व्यक्ति, जडिवुटी संकलन, ब्युटिसियन, प्लम्बिङ, ईलेक्ट्रिसियन, भेटेनरी, ईम्ब्रोइडरी, ह्यान्डलुम, ग्राफिक्स डिजायन, वेभपेज डिजाइन, भिडियो एडिटिङ, वेटर आदि जस्ता सीपसंगै रोजगारी र उद्यमशीलता विकास गर्न सक्षम पोखरा परियोजना सञ्चालन गरिनेछ।

११३. न्युनतम रोजगारीको प्रत्याभूति गर्न महानगरपालिकाको विकास निर्माण कार्यलाई स्थानीय रोजगारी सिर्जनासँग आवद्ध गर्ने नीति लिइनेछ।

११४. वेरोजगारीहरुको सीप र क्षमतालाई आधार लिई तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी श्रम बजारको आवश्यकता अनुसार व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्थापन गरिएको छ।

**कला, साहित्य र संस्कृति**

११५. महानगरपालिका भित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरुको अभिलेखीकरण गरी क्रमश: संरक्षण र सम्वर्द्धन गर्न बजेट व्यवस्था गरिएको छ।

११६. लेखनाथको अर्चलेमा कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्र स्थापना गर्न र जनकवि केशरी धर्मराज थापा, लोक गायकद्वय झलकमान गन्धर्व र अलिमिया लगायतका स्रष्टाको सम्मान गर्न बजेट व्यवस्था गरिएको छ ।

११७. महानगर स्रस्टाहरुको अभिलेख तयार गरिनेछ । महानगर नवरत्न चयन गरी सम्मान गरिनेछ ।

११८. महानगर प्रज्ञा प्रतिष्ठानलाई पोखराको भाषा, कला, संस्कृति र साहित्यका कार्यक्रम गर्न बजेट व्यवस्था गरिएको छ ।

११९. पोखरा पुरानो शहरको संरक्षण र प्रवर्द्धन गर्न सिद्धार्थ चोक, रामकृष्ण टोल, गणेश टोल, भैरव टोल हुँदै विन्ध्यवासिनी सम्मको क्षेत्रलाई पोखरा सम्पदास्थल पुरानो बजारको रुपमा प्रवर्द्धन गर्न आवश्यक बजेट र सहुलियतको व्यवस्था गरेको छु ।

**सडक तथा यातायात पूर्वाधार**

१२०. समुन्नत पर्यटकीय पोखराको दीर्घकालिन सोँच पूरा गर्न पर्यटन, पूर्वाधारको निर्माण गर्न, शहर र गाउँ जोड्ने कनेक्टिङ सडक सम्पन्न गर्न शहरी सडकको मर्मत, स्तरोन्नति र सौन्दर्यकरण गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्न बजेट व्यवस्थापन गरिएको छ ।

१२१. चालु वर्ष निर्माण शुरु भएका विभिन्न १५ वटा कनेक्टिङ सडक, १० वटा शहरी सडक तथा १५ वटा ग्रामीण सडकहरुलाई क्रमागत/ बहुवर्षीय योजनाका रुपमा रु. ५५ करोड बजेट विनियोजन गरिएको छ ।

१२२. आगामी वर्ष महानगरको शहरी क्षेत्रभित्र खाल्डा रहित सडक बनाउने अभियान अन्तर्गत मुख्य सडकहरु अस्फाल्ट र  शाखा शहरी सडक एवं कालोपत्रे भएका सडकहरुको रिसिलिङ्ग कार्य सम्पन्न गरिनेछ । कच्ची र निर्माणाधीन सडकको कुशल ठेक्का व्यवस्थापनद्वारा सम्पन्न गरिनेछ । सडक सुधार र मर्मतका लागि रु. १५ करोड बजेट व्यवस्था गरिएको छ ।

१२३. नेपाल शहरी शासकीय पूर्वाधार आयोजना अन्तर्गत तालचोक वेगनास खण्डको ३.२८ कि.मि. चार लेन, दुईदर्फी साइकल लेन र हरियाली जोन सहितको पैदल ट्र्याकको निर्माण आयोजना कार्यान्वयन गर्न रु. ३० करोड बजेट विनियोजन गरिएको छ ।

**शहरी पूर्वाधार**

१२४. शहरी सडक सुरक्षाका लागि ट्राफिक व्यवस्थापन, पार्किङ र शहरमा रहेका अव्यवस्थित वर्कसपलाई हटाई व्यवस्थित गरिनेछ । शहर बाहिर अटो ल्याण्ड स्थापना गर्न प्राप्त अध्ययन प्रतिवेदन अनुसार स्थान यकीन गरी सबै वर्कसपलाई व्यवस्थित गरिनेछ । यसका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

१२५. महानगरका मुख्य सडक र चोकमा युटिलिटी कोरिडोर निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

१२६. महानगरपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधार र नयाँ बन्ने भवनहरु अपाङ्गमैत्री बनाउने नीति अनुसार कार्यविधि तर्जुमा गरी आगामी वर्ष कार्यान्वयन गरिनेछ।

१२७. पोखरा महानगरपालिकाको मुख्य शहरी क्षेत्र आसपास क्षेत्रमा ग्रेटर पोखराको अवधारणासँग तादात्मयता कायम हुने गरी पाँच वटा स्याटलाइट टाउन बनाउनका लागि सम्भाव्यता अध्ययन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१२८. नेपाल सरकार, शहरी विकास मन्त्रालयबाट जारी गरिएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ का अधिनमा रही महानगरपालिका बस्ती विकास सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ।

१२९. भवन निर्माण कार्य व्यवस्थित गर्न एकीकृत भवन मापदण्ड निर्देशिका तर्जुमा गरी लागु गरिनेछ। यसका लागि रु २ करोड बजेट विनियोजन गरेको छु। घर नक्शा अभिलेखीकरणलाई व्यवस्थित गरिनेछ। आगामी वर्ष घर नक्शा अभिलेखीकरण दस्तुरको दरलाई न्यून बनाई सुविधा दिइनेछ।

१३०. महानगरपालिकाका सम्पूर्ण वडाहरुमा जिपिएस सहितको वैज्ञानिक ठेगाना प्रणाली लागू गर्न रु. २ करोड बजेट व्यवस्था गरेको छु। यो प्रणाली शुरु भएपश्चात परम्परागत क्याडस्ट्रोल म्यापमा आधारित घर नम्बरिङ तथा म्यानुअल घरनक्सा स्वीकृती गर्ने पद्दतिलाई अन्त्य गर्दै डिजिटाइजेसन प्रणाली लागू गरिनेछ।

१३१. पोखराको मुख्य केन्द्रका रुपमा रहेको पृथ्वीचोकमा अण्डरपास तथा फ्लाइओभर निर्माणका लागि अध्ययन गरिनेछ। पोखरामा यातायात व्यवस्थापनलाई चुस्त बनाउन ट्राम बस, सटल बस, विद्युतीय बस रूट, लगायतका मास ट्रान्सपोर्टेशन सञ्चालनका सम्बन्धमा सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ।

**अन्य पूर्वाधार**

१३२. पोखरा महानगरपालिका वडा नं. ३२ स्थित लामेआहालमा अत्याधुनिक बस टर्मिनल निर्माणका लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदनका आधारमा आवश्यक जग्गा प्राप्तिको लागि प्रक्रिया शुरु गर्न गण्डकी प्रदेश सरकारसँग साझेदारी गरिनेछ।

१३३. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न पेट्रोल पम्प र आवश्यक स्थानहरुमा विद्युतीय चार्जिङ केन्द्रहरु निजी क्षेत्र समेतको सहकार्यमा स्थापना गर्ने कार्य अघि बढाइनेछ। यसका लागि रु. ७ करोड बजेट व्यवस्था गरिएको छ।

१३४. चालु आर्थिक वर्ष महानगर र नेपाल विद्युत प्राधिकरण बीचको लागत साझेदारीमा सहरी सडक स्मार्ट वत्ती जडान कार्य अघि बढीरहेको छ। यो कार्य आगामी वर्ष निरन्तर सञ्चालन हुनेछ। प्राधिकरणसँगको

सहकार्य र लागत साझेदारीमा शहरी सडक वत्ती जडान एवं बिजुलीका तार भूमिगत गरी शहरी जोखिम न्युन गर्दै सुन्दरता बढाइनेछ।

१३५. पोखरा महानगरपालिकाको भु-उपयोग नीति तर्जुमा गरिनेछ। जग्गा खण्डीकरण र प्लटिङलाई निरुत्साहित गरिनेछ। भु-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१३६. पृथ्वीचोक स्थित बसपार्कलाई सिटी बसपार्कको रुपमा निर्माण गर्न बिस्तृत संभाव्यता अध्ययन गरिनछ। बाग्लुङ बसपार्कलाई स्तरोन्नति गर्दै बिन्ध्यवासिनी बसपार्कको नामले नामांकन गरिनेछ।

१३७. महानगरको सिभिल गुणस्तर प्रयोगशालालाई स्तरोन्तती र सुद्दढ गराउन बजेट व्यवस्था गरिएको छ।

**पोखरा गौरवका आयोजना**

१३८. समुन्नत पर्यटकीय पोखरालाई सुन्दर र पूर्वाधारयुक्त विकसित पर्यटनस्थलको रुपमा विकास गर्न मुख्य मुख्य स्थान र लेकसाइडको सौन्दर्यकरण, अत्याधुनिक सुविधा सहितको ल्याण्डफिल साइट निर्माण तथा फोहोरमैला व्यवस्थापन, अटो भिलेज, पोखरा चक्रपथ, सूचना केन्द्रसहितको पोखरा भवन, एयरपोर्ट-लेकसाइड फास्टट्र्याक, शहरको ट्राफिक व्यवस्थापन, फेवा हर्वल ट्रेक, अत्याधुनिक स्मार्ट शौचालय, फेवाताल र बेगनासतालमा वाटरस्पोर्टस्, ढल व्यवस्थापन लगायतका पोखरा गौरवका आयोजनाहरुको अध्ययन तथा निर्माण कार्य शुरु गरिनेछ।

१३९. पोखरा प्रवेशको बैकल्पिक मार्गका रूपमा वडा नं. २६ को बुढीबजार देखि सिलिङ्गे हुँदै वडा नं. १३ को साझासम्मको सडक स्तरोन्नति गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

१४०. पोखरा गौरवका आयोजना कार्यान्वयन गर्न आगामी वर्ष रु. ६५ करोड विनियोजन गरेको छु।

**वन, वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापन**

१४१. पोखरा महानगरपालिका क्षेत्र भित्रका नदीघाटको संरक्षण, सम्वर्द्धन र नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रु. २ करोड विनियोजन गरेको छु।

१४२. गत वर्षमा पहिरोका कारण क्षति पुगेका पोखरा महानगरपालिकाका वडा न १८, १९, १६, २०, २३, २८, ३२,३३ र १३ का विभिन्न स्थानमा भुक्षय नियन्त्रण कार्यक्रम संचालन गर्न १ करोड बजेट विनियोजन गरेको छु।

१४३. महानगरपालिका तत्काल र शीघ्र सम्पादन गर्नुपर्ने कार्य, शीघ्र सम्पादन गर्नुपर्ने कार्य, शीघ्र मर्मत सम्भार विपद् पूर्व तयारी र प्रतिकार्य, आकस्मिक सेवा सञ्चालन गर्नका लागि आकस्मिक सेवा व्यवस्थापन महाशाखा स्थापना गरिनेछ। यस अन्तर्गत रहने रेपिड रेस्पोन्स टीमलाई २४ सै घण्टा परिचालन गरिनेछ। आकस्मिक सेवा व्यवस्थापनका लागि रु. ५ करोड बजेट व्यवस्था गरिएको छ।

१४४. महानगरपालिकाको आकस्मिक कार्य र सरसफाइ समेतका लागि आगामी वर्ष १ थान दमकल, १ थान क्रेन र १ थान व्रुमर खरिद गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

१४५. विपद् व्यवस्थापनका लागि पूर्व तयारी कार्यक्रम मार्फत जोखिम न्यूनीकरण गरिनेछ। आगामी वर्ष विपद् जोखिम वस्ती संरक्षण, पहिरो नियन्त्रण तथा निर्मित पूर्वाधार संरचना संरक्षणका लागि रकम विनियोजन गरिएको छ।

१४६. आगामी वर्षमा विभुति पार्क, कोमागाने पार्क, कवि शिरोमणी पार्क, श्रवण कुमार जेष्ठ नागरिक पार्क, रवीन्द्र स्मृति पार्क, कोभिड पार्क लगायतका स्थानमा पार्क निर्माण गर्न रु. १ करोड बजेट विनियोजन गरेको छु।

१४७. पोखरा ३२ मा **पोखरा प्रवेश पार्क** निर्माणका लागि विस्तृत संभाव्यता अध्ययन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ।

१४८. आगामी वर्ष देखि **शहरी हरियाली प्रवर्द्धन** गर्न एक घरः एक विरुवा अनिवार्य रुपमा रोप्नुपर्ने व्यवस्था गरिनेछ।

१४९. मुख्य शहरी सडकका राष्ट्र वैंक चोक, मुस्ताङ चोक, सभागृह चोक, वीपी चोक, जिरो कि.मी., हल्लनचोक लगायतका स्थानमा पुष्प विरुवा रोपण तथा संरक्षण गरी शहरी सुन्दरता वृद्धि गरिनेछ।

१५०. पोखरा महानगरपालिका वडा नं. ३३ टिमुरपाटामा जग्गा प्राप्ति प्रक्रिया पुरा गरी सेनेटरी ल्याण्फिल्ड साइट सञ्चालनमा ल्याइनेछ। फोहोरलाई स्रोतमै वर्गीकरण गरी व्यवस्थापन गर्न महिला स्वयंसेविका परिचालन गरिनेछ। प्रस्तावित ल्याण्डफिल्ड साइटमा न्यूनतम मात्रामा फोहोर लैजान फोहोरलाई उद्यमसँग जोड्ने गरी आवश्यक सबै कार्य गरिनेछ। विस्तृत अध्ययन, जग्गा प्राप्ति, स्रोतमा फोहोर वर्गीकरण, पूर्वाधार निर्माण लगायतमा रु. १० करोड बजेट विनियोजन गरेको छु।

१५१. महानगरपालिकाका सबै वडाहरुमा **एक वडाः एक स्मार्ट शौचालय** बनाउने नीति अनुसार शुद्ध पिउने पानी सहितका सुविधा सम्पन्न शौचालय निर्माणका लागि रु. ५ करोड छुट्याएको छु।

१५२. आगामी आर्थिक वर्ष विकास साझेदारसंगको सहकार्यमा महानगरपालिकाका अति जोखिमयुक्त र संकटापन्न क्षेत्रको अध्ययन गरी विपद् जोखिम न्यूनीकरण योजना कार्यान्वयन गर्ने नीति लिइनेछ।

१५३. निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा मेटेरियल रिकभरी फेसिलिटेशन सेन्टर (MRF) स्थापना गरी पुन:प्रयोग एवं पुनर्चक्रीय फोहोर व्यवस्थापन गर्ने र वैज्ञानिक फोहोर व्यवस्थापन प्रणाली (3R & C) को लागि जनस्तरमा जनचेतना कार्यक्रम संचालनको नीति लिइनेछ।

१५४. सडकका छाडा चौपायालाई नियन्त्रण र नियमन गर्ने र गोरक्ष केन्द्र बनाउन धार्मिक संस्थाहरुसँग सहकार्य गरिनेछ।

१५५.	महानगरभित्रका सवै सार्वजनिक संरचनाहरुको जोखिम मूल्यांकन (Risk Assessment) गर्न महानगरको विपद् नक्सांकन (Hazard Mapping) गरिनेछ  र विपद् पूर्वको सूचना प्रणाली जडान गरिनेछ ।

**संस्थागत विकास र सुशासन**

१५६.	आगामी वर्ष महानगर कर्मचारी सेवा ऐन जारी गरिनेछ । राष्ट्रसेवक कर्मचारीहरुको तलबमान तथा ग्रेड सुविधा नेपाल सरकारले लागू गरे अनुसार वृद्धि गरिएको छ । कर्मचारीले खाइपाई आएको महानगर प्रोत्साहन भत्ता साविक बमोजिम उपलब्ध गराइनेछ ।

१५७.	सेवाग्राहीमैत्री संरचना, शीघ्र एवं सरल र छरितो सेवा प्रवाहका लागि एकल विन्दु सेवा प्रदान गर्न कार्यालयको भौतिक संरचना पुनर्निर्माण गर्न रकम विनियोजन गरिएको छ । यसवाट एकद्वार प्रणाली मार्फत स्वचालित र अनुमानयोग्य सेवा सुनिश्चित हुनेछ ।

१५८.	पोखरा महानगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका लागि अन्तरपालिका अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

१५९.	नागरिक केन्द्रीत प्राय: सेवाहरु वडा कार्यालयवाटै प्रवाह हुने गरी वडा कार्यालयहरुलाई जिम्मेवार र अधिकार सम्पन्न बनाइनेछ ।

१६०.	महानगरपालिकामा क्षतिपूर्ति सहितको नागरिक वडापत्र व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ । वडा कार्यालयमा समेत नागरिक वडापत्र राख्ने व्यवस्था मिलाइनेछ ।

१६१.	कर्मचारीहरुको सरुवा तथा पदस्थापन सम्वन्धी मापदण्ड तयार गरी कार्यन्वयन गरिनेछ ।

१६२.	आगामी वर्ष महाशाखा प्रमुख एवं शाखा प्रमुखहरुसँग कार्यविवरणका आधारमा कार्यसम्पादन सूचक तयार गरी सम्झौता गरिनेछ । कार्यसम्पादनका आधारमा उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

१६३.	सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमण नियन्त्रण र बजार अनुगमन तथा नियन्त्रण कार्य प्रभावकारी रुपले कार्यान्वयन गर्न बजेट व्यवस्था गरिएको गरिएको छ । आगामी वर्ष सार्वजनिक जग्गाको संरक्षण र संवर्द्धन गर्न यथार्थ विवरण सहितको प्रोफाइल तयार गरिनेछ ।

१६४.	नगरप्रहरीको विद्यमान दरवन्दीमा पुनरावलोकन गरी साधन र स्रोत सम्पन्न प्रहरी युनिट बनाइनेछ । महानगर कानूनको परिपालनामा नगर प्रहरीको भूमिका सुदृढ बनाइनेछ ।

१६५.	प्राविधिक कर्मचारीहरुलाई सार्वजनिक खरिद, ड्रइङ्ग डिजाइन, लागत अनुमान तथा योजना व्यवस्थापन सम्बन्धमा दक्ष जनशक्तिद्वारा तालिम र प्रशिक्षण कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको छ ।

१६६. सेवाको पहुँचवाट विमुख भएका र सेवाको मूल्य भन्दा समय र आतेजाते खर्च व्यहोर्नुपर्ने दुर्गम क्षेत्रमा रहेका नागरिकहरुलाई लक्षित गरी ग्रामीण तथा विकट क्षेत्रमा संभाव्य सेवाहरु घरदैलोमै प्रदान गर्ने गरी घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१६७. स्थानीय अदालतको अनुकरणीय अभ्यास गर्दै आएको न्यायिक समितिको कामकारवाहीलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गरिएको छ ।

१६८. आगामी आर्थिक वर्ष पुराना निर्णय र अभिलेखहरुको डिजिटाइजेसन गर्न र पुराना कागजातहरु धुल्याई अभिलेख तथा सूचना व्यवस्थापन चुस्त बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१६९. आगामी वर्ष अव्यवस्थित बसोबासी, भूमिहिन सुकुम्बासी, भूमिहिन दलित राष्ट्रिय समस्या समाधान समितिको कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१७०. महानगरबाट प्रवाह हुने सेवा र गरिने विकास निर्माण सम्बन्धी कार्यको सार्वजनिक रुपमा परीक्षण गर्न एवं सरोकारवाला र प्रभावित वर्गद्वारा आफ्ना गुनासा र पीरमर्का आदानप्रदान गरी सेवाको गुणस्तरीयता र सुधार गर्न सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ नियमित रुपमा सञ्चालन गरिनेछ ।

१७१. महानगरबाट प्रवाह हुने सार्वजनिक सेवालाई सहज, सरल र पारदर्शी बनाउन विभिन्न सरकारी निकाय तथा सञ्चार क्षेत्रका छाता संगठनहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

१७२. सार्वजनिक सम्पत्तिको यथार्थ विवरणको अभिलेख राखी यसको संरक्षण र सम्वर्द्धन गर्दै उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने नीति अनुसार सार्वजनिक सम्पत्तिको लगत संकलन, विपद् प्रतिकार्यका लागि खुला स्थान पहिचान एवं सोको प्रोफाइल तयार गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

१७३. सार्वजनिक विदाको दिनमा समेत अत्यावश्यक सेवा जस्तै: राजश्व, सरसफाइ, सडक मर्मत र विपद् व्यवस्थापन लगायतका कार्य प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१७४. विविध विशेषज्ञता आवश्यक पर्ने जटिल प्रकृतिका योजनाको कार्यान्वयन र व्यवस्थापन गर्न पूर्व सम्भाव्यता अध्ययन विस्तृत अध्ययन गर्ने र अध्ययन अनुसन्धान गर्न विशेषज्ञ सेवाका लागि रकम व्यवस्था गरेको छु ।

**सभाध्यक्षज्यू,**

**अव म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१७५. आगामी आर्थिक वर्षका लागि बजेटका उद्देश्य तथा प्राथमिकताहरु पूरा गर्न प्रस्तावित कार्यक्रमहरुका लागि रु. ८ अर्व ७७ करोड ७५ लाख ५५ हजार विनियोजन गरेको छु । उक्त बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा

संघीय सरकार अनुदानवाट २ अर्व ५८ करोड ८६ लाख अर्थात  २९.४९ प्रतिशत, प्रदेश सरकार अनुदानवाट ११ करोड २८ लाख २० हजार अर्थात  १.२९ प्रतिशत, आन्तरिक आयवाट ३ अर्व १ करोड अर्थात ३४.२९ प्रतिशत व्यहोरिनेछ । यसै गरी संघीय राजश्व बाडँफाँडबाट ३७ करोड ३७ लाख अर्थात ४.२५ प्रतिशत व्यहोरिने छ । प्रदेश राजश्व वाँडफाड १ करोड ४२ लाख ५२ हजार रकम व्यहोरिने छ । यसो गर्दा २ अर्ब ४० करोड ८१ लाख ८३ हजार न्यून हुन जाने देखिन्छ । न्यून हुन जाने बजेट चालु आ.व को अन्त्यमा बचत हुने मौज्दात रकमबाट व्यहोरिनेछ ।

१७६. खर्च केन्द्रगत रुपमा नगर कार्यपालिकाको कार्यालय तर्फ १ अर्ब २५ करोड ८७ लाख ५७ हजार  अर्थात १४.५७ % , सामाजिक विकास २ अर्व ६ करोड ९२ लाख ३३  हजार, अर्थात २३.५७%, शिक्षा तर्फ १ अर्व ४९ करोड ३६ लाख ६५ हजार अर्थात १७.०२%, स्वास्थ्य तर्फ ५० करोड ५ लाख ८ हजार अर्थात ४.५७%, कृषि तर्फ १६ करोड ७३ लाख ६५ हजार अर्थात १.९१%, वडा कार्यालय तर्फ ७२ करोड ६० लाख अर्थात ८.२८% र पूर्वाधार तर्फ ४ अर्ब ५३ करोड ६२ हजार अर्थात ५१.६८ % भएको बजेट पेश गरिएको छ ।

१७७. पोखरा महानगरपालिकाको आर्थिक विधेयक, २०७९ तथा विनियोजन विधेयक, २०७९ सम्मानित सभामा पेश गरेको छु । आन्तरिक राजश्व परिचालन तर्फ कर क्षेत्रको अंश ३ अर्ब १ करोड ३१ लाख ५० हजार अर्थात ३४.३४ प्रतिशत रहेको छ । कर तर्फ घर जग्गा रजिष्ट्रेशन शुल्कबाट १ अरव १० करोड अर्थात ३६.५०%, सम्पत्ति करबाट २५ करोड अर्थात ८.३ %, मालपोत कर २० करोड अर्थात ६.६४%, घर बहाल करबाट २० करोड अर्थात ६.६४ %, व्यवसाय करबाट १० करोड अर्थात ३.३४%, सवारी साधन करबाट ७ करोड ४२ लाख २५ हजार अर्थात २.४६%, विज्ञापन करबाट ५ करोड अर्थात १.६६%, मनोरञ्जन करबाट ५ लाख ५० हजार अर्थात ०.०१८ %, योगदान रहेको छ । गैर करराजश्व दस्तुरतर्फ नक्सा पास दस्तुरबाट ५० करोड अर्थात १६.५९%, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तरबाट रु १८ करोड अर्थात ५.९७ %, सिफारिस दस्तुर १० करोड अर्थात ३.३२% र बाँकी अन्य क्षेत्रको योगदान रहने गरी प्रस्ताव गरेको छु ।

**सभाध्यक्ष्य ज्यू,**

**अव म आगामी आर्थिक वर्ष २०७९/ ०८० को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**राजश्व परिचालन नीति**

१७८. नागरिकलाई महानगरको वासिन्दा हुँ र मेरो योगदानले महानगरको समृद्धि र विकासलाई सहयोग पुर्‍याउँछ भन्ने सोचको विकास गर्न राजश्व सम्बन्धी सूचना र जानकारीमूलक सन्देश सघन रुपमा प्रवाह गरिनेछ ।

१७९. सम्पत्ति कर वास्तविक मूल्यांकन र व्यवसाय कर कारोवारका आधारमा तिर्ने प्रणालीको विकास गरिनेछ ।

१८०. महानगरको राजश्वलाई महानगरकै विकासमा उपयोग गर्ने र राजश्व आय आर्जन गर्दा प्राकृतिक स्रोत साधन संरक्षण र वातावरण प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१८१. राजश्वको दायरा वृद्धि र समतामूलक विकास कार्यका लागि आगामी वर्षको राजश्व नीतिका उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) राजश्वको दायरा बढाउन चेतनामूलक कार्य करदाता शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

ख) विकास निर्माण र सेवा प्रवाह, सिफारिसमा राजश्व सहभागितालाई अन्तरसम्बन्धित बनाउने ।

ग) राजश्व तथा गैरकर बक्यौता असुल गरी वित्तीय अनुशासन कायम गर्ने गराउने ।

घ) बजार अनुगमन र नियमनलाई योजनावद्ध बनाई समन्यायिक कर असुल गर्ने ।

**राजश्व कार्यान्वयन नीति**

१८२. आ. व. २०७९/०८० लाई **"पोखराको समृद्धिमा जुटौं, कर तिर्न कोही नछुटौँ"** भन्ने नाराका साथ कर संकलन अभियान वर्ष घोषणा गरी कर सहभागिता बढाउन व्यापक प्रचार प्रसार गरिनेछ ।

१८३. राजश्वको ठूलो हिस्सा ओगट्ने आय ठेक्कालाई समयसीमा भित्र व्यवस्थापन गर्न वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

१८४. महानगरपालिकामा कर चुक्ता गरी सकेपछि मात्र आन्तरिक राजश्व कार्यालयवाट कर चुक्ता प्रमाणपत्र दिन नेपाल सरकारसँग अनुरोध गरिनेछ ।

१८५. महानगरवाट प्रदान हुने सिफारिस प्रमाणित लगायत सेवा प्रदान एवं विकास निर्माणलाई कर दाखिलासँग आवद्ध गरिनेछ । राजश्व असुली र संकलनका लागि अन्तर शाखा समन्वय गरिनेछ ।

१८६. घरबहाल कर संकलनलाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला संघ, संस्था, निकाय वा कार्यालयसँग समन्वय गरी तथ्यांक संकलन गरिनेछ । स्थान विशेष अनुसार निर्धारण गरिएको यथार्थ मूल्यांकन र दर सफ्टवेयरमा अध्यावधिक गरिनेछ ।

१८७. विज्ञापन करलाई शहरको सुन्दरता र सूचनामुलक सन्देशमा केन्द्रित गर्दै विज्ञापन गर्न सकिने क्षेत्र/स्थान प्रकृति, प्रविधि र साइजका आधारमा वैज्ञानिक दर निर्धारण गरी लागु गरिनेछ ।

**राजश्व प्रशासन सुधार**

१८८. राजस्व प्रशासनको क्षमता अभिवृद्दि गरी कर प्रणालीलाई चुस्त, सरल, प्रविधिमैत्री र करदातामैत्री बनाइनेछ ।

१८९. व्यवसायी र करदाताको कर परिपालना अभिवृद्धि गर्न र कर चुहावट नियन्त्रण गर्न Revenue Rapid Squad Team (RRSD) बनाई बजार अनुगमनमा परिचालन गरिनेछ ।

१९०. सबै करदाताको विवरण डिजिटल प्रणालीमा आवद्द गरी Integrated Tax Portal अन्तर्गत Individual Tax ID को लागू गरिनेछ । करदाताले घरमै बसी मोवाइल एपवाट कर/ राजश्व तिर्ने व्यवस्था अर्थात ई-पेमेन्ट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

१९१. महानगरपालिकाको राजश्व सुधार योजना बनाई राजश्व प्रशासन क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

१९२. महानगर क्षेत्रभित्रका भवन संरचनाको नक्सा पास दस्तुर, सम्पत्ति कर, व्यवसाय कर, बहाल कर तथा अन्य सेवा शुल्क संकलन तथा घरजग्गा मूल्यांकन प्रणालीलाई यथार्थपरक बनाउन GPS Coordinate कायम हुने गरी घर नम्बरिङ सफ्टवेयर व्यवस्थापन गरी सञ्चालनमा ल्याइनेछ ।

१९३. राजश्व असुली र परिपालनालाई विकास निर्माण र आयोजना सञ्चालनसंग आवद्ध गरिनेछ । कर निर्धारणलाई प्रविधिमा आधारित बनाई सुदृढ र व्यवस्थित गरिनेछ ।

**राजश्व छुट/ सुविधा/ सम्मान**

१९४. करदातालाई कर दाखिलाका लागि प्रोत्साहित गर्न आगामी आर्थिक वर्षको पौष मसान्त भित्र कर चुक्ता गर्ने करदातालाई सम्पत्ती कर, भुमि कर तथा व्यवसाय करमा १० प्रतिशत छुट दिइनेछ ।

१९५. सम्पत्ति कर, घर बहाल कर र व्यवसाय करको दायरा बढाउन कर छुट सहुलियतको व्यवस्था गरिएको छ ।

१९६. कृषि प्रयोजनमा रहेको जग्गा र ५ रोपनी भन्दा बढी बाँझो जग्गा भाडामा लिई कृषि व्यवसाय गर्ने कृषकलाई व्यवसाय करमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

१९७. दैवी विपद्मा परेका परिवारले मापदण्ड बमोजिम घर निर्माण गर्दा १००० वर्ग फुटसम्म निःशुल्क नक्सापास गर्ने व्यवस्था गरिएको छ ।

१९८. पोखरालाई कला, संस्कृति र ऐतिहासिक सम्पदाको शहरका रूपमा विकास गर्न सिद्धार्थ चोक, रामकृष्ण टोल, गणेश टोल, भैरव टोल हुँदै विन्ध्यवासिनीसम्मको क्षेत्रमा पुरातात्विक एवं प्राचीन शैलीमा घर निर्माण गर्नेलाई तोकिएको शर्तमा निःशुल्क नक्सापास गर्ने व्यवस्था मिलाएको छु ।

१९९. राजश्वमा दिएको योगदानको आधारमा करदातालाई सम्मान गरिनेछ ।

**खर्च प्रणाली**

२००. खर्चप्रणालीलाई सरल, सहज र व्यवस्थित गर्नका लागि महानगर अन्तर्गतका सवै वडाकार्यालयवाट भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।

२०१. आगामी आ.व. देखि विद्युतीय भुक्तानी लागु गरी महानगरपालिकाले भुक्तानी दिनुपर्ने रकम भुक्तानी पाउनेको खातामा सोझै जाने व्यवस्था गरिनेछ ।

२०२.	आम्दानी र खर्चको विवरण दैनिक रुपमा डिजिटल माध्यमवाट प्रकाशन गरिनेछ।

**अन्त्यमा,**

२०३.	प्रस्तुत बजेट तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समितिहरू, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, महानगरपालिकाका महाशाखा, शाखा र एकाइहरु, सभासदज्यूहरू र सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बजेट तर्जुमा जति महत्वपूर्ण छ यसको कार्यान्वयनवाट यसको सार्थकता झल्किन्छ। यसर्थ, बजेट कार्यान्वयनमा नगरसभासदज्यूहरु, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम, दातृ निकाय एवं सम्बद्ध सबै सरोकारवालाहरुवाट रचनात्मक सहयोगको अपेक्षा गर्दै समृद्ध पोखरा निर्माणमा सबैले आआफ्नो क्षेत्रवाट योगदान गर्ने आशा एवं विश्वास गर्दछु।

**धन्यवाद।**

**जय पोखरावासी ।।**